लुम्बिनी प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्र संख्याः२०८१/०८२
चलानी नं.

मितिः २०८२।०३।१५

## बधाई तथा शुभकामना।

वि.सं. २०८१ साल चैत्र महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८२।०३।१३ को निर्णयानुसार प्रकाशन भएको छ। नतिजाअनुसार नियमित परीक्षामा सहभागी भएका ४,३८,८९६ परीक्षार्थीमध्ये ३.६ जिपिए देखि ४ जिपिए सम्म ४८,१७७ जना, ३.२ जिपिए देखि ३.६ जिपिए भन्दा कम सम्म ८१,३८५ जना, २.८ जिपिए देखि ३.२ जिपिए भन्दा कम सम्म ८९,१२४ जना, २.४ जिपिए देखि २.८ जिपिए भन्दा कम सम्म ४८,४७९ जना, २ जिपिए देखि २.४ जिपिए भन्दा कम सम्म ४,१२६ जना, १.६ जिपिए देखि २ जिपिए भन्दा कम सम्म ८ जना वर्गीकृत भएका छन्। अवर्गीकृत परीक्षार्थीको सङ्ख्या १,६७,५९७ रहेको छ। यसरी हेर्दा वर्गीकृत हुने परीक्षार्थी सङ्ख्या ६१.८१ प्रतिशत रहेको छ।

लुम्बिनी प्रदेशको नतिजा अनुसार नियमित परीक्षामा सहभागी भएका ७३,९०३ परीक्षार्थीमध्ये ३.६ जिपिए देखि ४ जिपिए सम्म ६,५६१ जना, ३.२ जिपिए देखि ३.६ जिपिए भन्दा कम सम्म १२,८९५ जना, २.८ जिपिए देखि ३.२ जिपिए भन्दा कम सम्म १५,२७० जना, २.४ जिपिए देखि २.८ जिपिए भन्दा कम सम्म १०,०४२ जना, २.० जिपिए देखि २.४ जिपिए भन्दा कम सम्म १,१३८ जना, १.६ जिपिए देखि २.० जिपिए भन्दा कम सम्म २ जना वर्गीकृत भएका छन्। अवर्गीकृत परीक्षार्थीको सङ्ख्या २७,८४९ रहेको छ। यसरी हेर्दा वर्गीकृत हुने परीक्षार्थी सङ्ख्या ६२.३२ प्रतिशत रहेको छ।

१.६ जिपिए र सो भन्दा बढी जिपिए ल्याई वर्गीकृत भएका विद्यार्थीलाई बधाई तथा अवर्गीकृत हुने विद्यार्थीलाई आगामी परीक्षामा सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु। यस प्रदेशमा परीक्षा व्यवस्थापन गर्न सहयोग गर्नुहुने शिक्षक, अभिभावक, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति, सुरक्षा निकाय लगायत सेवा प्रदायक विभिन्न निकाय, सञ्चार माध्यम तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति धन्यवाद प्रकट गर्दछु। धन्यवाद ।

जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री